प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं.२
जनकपुरधाम, धनुषा

फोन नं.०४१-५९०३५७
मो.नं. ९८५४०२८५९०
Email- stco@fcgo.gov.np
pralenika02@gmail.com

प.स.०७७/७८ मितिः- २०७८।०३।१०

च.नं. ९५४

विषयः- भुक्तानी सम्बन्धमा ।

श्री मन्त्रालय/ निर्देशनालय/ कार्यालय (सबै),
प्रदेश नं.२, जनकपुरधाम, धनुषा ।

उपरोक्त सम्बन्धमा मन्त्रालय/ निर्देशनालय/ कार्यालयहरुबाट प्राप्त भुक्तानी आदेश अनुसार EFT गरिदा भुक्तानी प्रक्रियामा कुनै प्राविधिक त्रुटि भई सेवाग्राहीको खातामा रकम जम्मा हुन नसकी Process वा Pending देखिए भुक्तानी प्रक्रिया सहजीकरणको लागि तपशिल अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

तपसिलः-

१. सेवाग्राहीको बैंक खाताको चेकको फोटोकपी लिई अभिलेख प्रविष्टि गर्न हुन ।
२. भुक्तानी आदेश यस कार्यालयमा १२ बजे भन्दा पहिला पेश भए भोलि पल्ट र १२ बजे भन्दा पछि पेश भए पर्सी पल्ट भुक्तानी प्रतिवेदन चेक गर्न हुन ।
३. भुक्तानी Reject (अस्वीकृत) भए पत्र साथ अर्को भुक्तानी आदेश पठाउनु हुन ।
४. भुक्तानी प्रकृयामा वा पेन्डिङ देखिए र यस कार्यालयमा थप बुझ्नु परेमा भुक्तानी आदेश नम्बर र मिति सहित लेखाको कर्मचारी वा कार्यालय प्रमुख वा कार्यालयको तोकिएको कर्मचारीले सम्पर्क गर्न हुन । वा
५. भुक्तानी प्रक्रियामा समस्या भएर कार्यव्यवस्थताको काम लेखाको कर्मचारी यस कार्यालयमा आएर सम्पर्क गर्न नसक्ने भए फोन, SMS, Whats App वा Email गर्न हुन र Follow up गर्न हुन ।
६. भुक्तानी भए नभएको सेवाग्राही सोझै यस कार्यलायमा सम्पर्क गर्न आउँदा यस कार्यालयको काम प्रभावित हुने र जोखिम बढ्ने हुदाँ कर्मचारी बाहेक कुनै पनि सेवाग्राहीलाई यस कार्यालयमा बुझ्न वा सम्पर्क गर्न नपठाउनु हुन ।
७. जेष्ठ मसान्तसम्मको खर्चको फाँटवारी अविलम्व भिडाउनु हुन ।
८. असार २४ गते १२ बजे सम्म यस कार्यालयमा नियामित भुक्तानी आदेश पेश गरि सक्नु हुन ।
९. असार २५ गते देखि ३० गते सम्म अति आवश्यक मात्र भुक्तानी हुने हुँदा प्रक्रिया र कागजात पुरा नभई भुक्तानी हुन नसके खर्च गर्ने निकाय (Paying Unit) स्वयं नै जिम्मेवारी हुनुपर्ने छ ।
१०. असार ३१ गते समायोजन र राजश्वको मात्र भुक्तानी हुने छ ।

.....
(राधेश्याम गिरी)
प्रदेश लेखा नियन्त्रक